
परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक








वर्ष : ४ अंक : ७९ पृष्ठ ४ २०८२ पुष २५ गते, शुक्रबार 9 January, 2026 मूल्य रु. ५/–

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।


## राष्ट्रिय सभा :

## मधेश प्रदेशमा ११ जना उम्मेदवार, बार्गेनिंगमा जसपा नेपाल

टक नेपाल



राष्ट्रिय सभाको निर्वाचनका लागि बुधबार सात वटै प्रदेशबाट ४४ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

सातै प्रदेशमा शान्तिपूर्ण रुपमा उम्मेदवारी दर्ता भएको निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जनाएका छन् । सात वटै प्रदेशबाट विभिन्न दलका गरी ४४ जनाले उम्मेदवारी दर्ता गराएको उनले बताए ।

कोशी प्रदेशबाट ५, मधेश प्रदेशबाट ११, बागमती प्रदेशबाट ६ र गण्डकी प्रदेशबाट ६ जनाले उम्मेदवारी दिएका छन् । त्यसैगरी, लुम्बिनी प्रदेशबाट ८, कर्णाली प्रदेशबाट ४ र सुदूरपश्चिम प्रदेशबाट ४ जनाले उम्मेदवारी दिएको निर्वाचन आयोगले जनाएको छ। आयोगले यही पुस २४ गते उम्मेदवारको विरोधमा उजुरी दिने समय तोकेको छ । त्यसपछि पुस २५ र २६ गते मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ गर्नेछ । त्यही दिन उम्मेदवारको नामावली प्रकाशित गर्ने कार्यतालिका छ ।

त्यसपछि पुस २७ गते उम्मेदवारी फिर्ता लिनका लागि समय तोकिएको छ । पुस २७ गतेको साँझ उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिने छ भने पुस २८ गते चुनाव चिह्न प्रदान गरिने आयोगले जनाएको छ। त्यसपछि माघ ११ गते मतदान हुनेछ।

राष्ट्रियसभा निर्वाचनका लागि मधेश प्रदेशबाट ११ जनाले उम्मेदवारी दिएका छन् ।

मधेश प्रदेशमा ४ सिटका लागि कांग्रेस-एमाले गठबन्धन, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), लोसपा नेपाल- जसपा नेपालबाट ११ जनाले बुधबार उम्मेदवारी दर्ता गराएका छन् ।

लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले अन्यतर्फ उम्मेदवारी दर्ता गराएका छन् । अध्यक्ष ठाकुरको उम्मेदवारीमा लोसपा नेपालका मधेश प्रदेशसभा सदस्य जयनुल राइन प्रस्तावक र मधेश प्रदेशकी शिक्षा तथा संस्कृति मन्त्रीसमेत रहेकी सांसद रानी कुमारी तिवारी समर्थक रहेकी छन् । ठाकुरको उम्मेदवारीमा जसपा नेपालले पनि समर्थन जनाएको छ । मधेश प्रदेशमा लोसपा नेपाल र जसपा नेपालले राष्ट्रियसभा निर्वाचनका लागि छुट्टाछुट्टै उम्मेदवारी दर्ता गराएपछि नेपाली कांग्रेस, नेकपा एमाले र एकता प्रक्रियामा रहेको लोसपा र जसपाभित्र पनि विभिन्न खाले आशंका गर्न थालिएको छ ।

मधेश प्रदेशमा कांग्रेस, एमाले र जसपा नेपालको समर्थनमा लोसपाका अध्यक्ष महन्थ ठाकुरले उम्मेदवारी दर्ता गराएका छन् । तर जसपा नेपालले भने बाँकी तीन सीटमा छुट्टै उम्मेदवारी दर्ता गराएपछि कांग्रेस-एमालेसहितका गठबन्धनभित्र पनि आशंका उत्पन्न हुन थालेको छ ।

लोसपा नेपालका तर्फबाट ठाकुरले अन्य क्लस्टरमा उम्मेदवारी दर्ता गराउँदा जसपा नेपालले भने सो बाहेक तीन वटा क्लस्टरमा छुट्टै उम्मेदवारी दर्ता गराएको छ ।

जसपा नेपालका नेता जितेन्द्र प्रसाद यादवले कांग्रेस र एमालेसंग गठबन्धनको लागि मधेशमा २ सीट मागे पनि नदिएपछि बाँकी सिटमा छुट्टै उम्मेदवारी दिएको जानकारी दिए ।

लोसपाका एकजना नेताले जनाए अनुसार अध्यक्ष ठाकुरको प्रस्तावक र समर्थकमा लोसपाबाट हुनु गम्भीर संशय रहेको बताए । ठाकुरको समर्थक वा प्रस्तावकमध्ये कुनैमा पनि जसपा नेपालबाट हस्ताक्षर नहुनु दुःखद रहेको उनको कथन थियो ।

स्रोतका अनुसार जसपा र लोसपाबीचको एकतालाई ठाकुरले नै भाँडेको बुझाईमा रहेका जसपा नेपालका नेताहरुले ठाकुरसित वार्गेनिंगका लागि तीनवटा सिटमा उम्मेदवारी दिएको छ ।

पुस १३ गते लोसपा र जसपा नेपालबीच एकीकरण गर्ने घोषणा भए पनि त्यसको अको 'दिन प्रतिनिधिसभाको चुनावका लागि दुवै पार्टीले निर्वाचन आयोगमा छुट्टाछुट्टै समानुपातिक उम्मेदवारको बन्दसूची पेश गरेका थिए ।

मधेश प्रदेशमा जसपा नेपालबाट राष्ट्रियसभा सदस्यका लागि तीन जनाको उम्मेदवारी पनि दर्ता भएको छ ।

जसपा नेपालबाट अल्पसंख्यकतर्फ शैलेश चौधरी, महिलातर्फ चन्दा साह र दलिततर्फ चमेली देवी दासले उम्मेदवारी दिएकी छन् । जसपा नेपालबाट उम्मेदवारी दिनेमा चौधरी सप्तरीका हुन् भने साह सिरहा र दास धनुषाकी छन् ।

नेपाली कम्युनिस्ट पार्टी(नेकपा) बाट दलित कोटामा शम्भु पासवान, अल्पसंख्यकतर्फको कोटामा रामनन्दन प्रसाद, अन्यबाट लक्ष्मण पौडेल र मधेशी कोटाबाट समी कुमारी अग्रवालले उम्मेदवारी दर्ता गराएकी छन् ।

त्यसैगरी कांग्रेस-एमाले गठबन्धनबाट दलित कोटामा कांग्रेसका अमरेन्द्र पासवान, अल्पसंख्यक कोटामा रञ्जित कर्ण र महिला कोटामा एमालेकी रेखा झाले उम्मेदवारी दर्ता गराएकी छन् ।

गठबन्धनबाट कांग्रेसले २ र एमालेले एक सिटमा उम्मेदवारी दर्ता गराए पनि जसपा नेपालले भने तीन वटै पदमा उम्मेदवारी दर्ता गराएको छ ।

मधेश प्रदेशमा मतदाताहरु मध्ये १ सय ७ जना प्रदेश सभा सदस्य मध्ये १ सय ४ जनाले मतदान गर्ने छन् ।३ जना निलम्बनमा रहेका छन् ।प्रति प्रदेश सभासदस्यको मतभार ५३ रहेको छ । २ सय ६६ जना पालिका प्रमुख र उपप्रमुख रहेका छन् ।

## सप्तरी युथद्वारा विपन्न परिवारलाई खाद्यान्न तथा नगद सहयोग



टक नेपाल

विष्णुपुर गाउँपालिका-६ रँजितपुरका विपन्न परिवारका दिनेश सदाकी आमाको क्रियाखर्च तथा परिवारको दैनिकी सहज बनाउन सप्तरी युथले खाद्यान्न सामग्रीसहित आर्थिक सहयोग प्रदान गरेको छ।

सप्तरी युथका कार्यवाहक अध्यक्ष मोहन यादव र समाजसेवी विष्णु यादवको अगुवाइमा सदा परिवारलाई चामल, दाल, तेल, नुन, चिउरा, मुरहीलगायतका आवश्यक खाद्यान्न सामग्री सहयोग स्वरूप हस्तान्तरण गरिएको हो। यसैगरी, घरमा हजुरआमाको स्याहार गर्दै आएकी नातिनी चिसोका कारण प्यारालाइसिसको शिकार भई उपचाररत रहेकाले उनको उपचार सहयोगका लागि समाजसेवी विष्णु यादवले २ हजार ५ सय रुपैयाँ नगदसमेत सहयोग गरेका छन्।


करिब दुई साताअघि दिनेश सदाकी आमा बिरामी हुँदा हेरचाह गर्ने क्रममा उनकी कान्छी छोरी चिसोका कारण प्यारालाइसिस भएपछि उपचार गरइँदै आएको थियो। छोरीको उपचारकै बीच आमाको निधन भएपछि परिवार थप शोक र आर्थिक संकटमा परेको थियो।

छोरीको उपचार खर्च र आमाको क्रियाखर्च जुटाउन कठिनाइ भइरहेको अवस्था समाचारमार्फत सार्वजनिक भएपछि विभिन्न सहयोगी हातहरू अघि बढ्दै आएका छन्। यसअघि गाउँपालिका अध्यक्ष उमेश यादवले पनि प्रथम चरणमा १० हजार रुपैयाँ आर्थिक सहयोग घरमै पुगेर प्रदान गरेका थिए। स्थानीय सामाजिक संघसंस्था र व्यक्तिहरूको यस प्रकारको सहयोगले विपन्न परिवारलाई ठूलो राहत मिलेको पीडित परिवारले जनाएको छ।


शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खाने कुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खाने कुराहरु खाने,





- बालबालिका, वृद्ध–वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

सोनमा गाउँपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल





टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

## कुलमानको अपेक्षित राजीनामा, अरू मन्त्रीले पनि मार्गप्रशस्त गर

नागरिक सरकारको मन्त्री भएर पनि दलीय आबद्धता सुरु गरेका मन्त्री कुलमान घिसिङले अन्ततः राजीनामा दिएका छन् । प्रधानमन्त्रीले राजीनामा दिन आग्रह गरिसक्दासमेत उनी भने आफू कुनै दलमा आबद्ध नरहेको बताइरहेका थिए। यद्यपि, बढ्दो जनदबाबपछि उनी मन्त्री पदबाट बाहिरिएका छन् । ढिलै भए पनि उनले देखाएको नैतिकता स्वागतयोग्य छ। तर, जुन स्वरूपको सरकारमा, जुन सार्वजनिक अपेक्षासहित उनी मन्त्री बन्न गएका थिए, त्यसको सामाजिक-राजनीतिक करार भंग गरेकामा उनीमाथि प्रश्न भने कायमै रहनेछ। दोस्रो, घिसिङजस्तै जगदीश खरेल र बब्लु गुप्तामाथि पनि दलीय निकटताको प्रश्न उठेको छ। खासगरी रास्वपासँग उनीहरूको निकटता स्वयंले अभिव्यक्त गरिसकेका छन् । तर सार्वजनिक रूपमा भने दलीय आबद्धतालाई अस्वीकार गरेका छन् । अब प्रश्न उनीहरूमाथि पनि छ। उनीहरूले पनि आफ्नो भूमिका प्रस्ट्याउन जरुरी छ। उनीहरूले मन्त्री वा दलमध्ये एउटा रोज्नुपर्छ ।

जब राजनीतिमा क्रमभंगता निम्तिन्छ र नयाँ निर्वाचन अपरिहार्य बन्छ, त्यतिबेला स्वतन्त्र व्यक्तिको नेतृत्वमा चुनावमा जाने प्रचलन जहाँतहीँ छ। आन्दोलनमा विजय प्राप्त गरेका दलको नेतृत्वमा अन्तरिम/नागरिक सरकार बनाउने प्रचलन पनि छ। यस्तो सरकारले दलीय आग्रह र पूर्वाग्रह नराख्ने र सरकारमा रहँदाका स्वाभाविक सुविधाको सदुपयोग वा दोहनमार्फत निर्वाचन नतिजालाई प्रभावित बनाउँदैन र निर्वाचन बढी निष्पक्ष हुनेछ भनेर विश्वास गरिन्छ। जेन-जी आन्दोलनपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा नागरिक सरकार गठन गरिएको थियो। यो सरकारको मूलभूत उद्देश्य मुलुकमा सकेसम्म चाँडो निर्वाचन गर्ने र निर्वाचित सरकारलाई सत्ता सुम्पिने हो। सरकारको चुनौती नै निर्वाचनमा भाग लिने सबै दलहरूबाट निरपेक्ष रहन सक्नु हो। तर वर्तमान सरकारका केही मन्त्रीहरूले यो 'धर्म' भुलेका छन् । नागरिक सरकारका मन्त्री भएर पनि उनीहरू दल सापेक्ष देखिएका छन्। जसकारण प्रधानमन्त्रीले नै राजीनामा माग्नुपर्ने अवस्था बनेको छ। हाम्रो प्रणालीको मान्यता पनि के हो भने, मन्त्रीहरू प्रधानमन्त्रीप्रति उत्तरदायी हुनुपर्छ। प्रधानमन्त्रीले राजीनामा दिन भनिसकेका कोही पनि मन्त्रीले पदमा रहिरहने धृष्टता गरिरहन ।

# राज्यको खर्चमा जाने होइन, भिसाको आवेदन पनि दिएको छैन : मन्त्री गुप्ता

•टक नेपाल

युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता यतिबेला विवादमा तानिएका छन्। विवादको विषय हो, उनको हुनै लागेको भनिएको अमेरिका भ्रमण ।

चुनाव गराउने 'म्यान्डेट' सहित गठन भएको नागरिक सरकारका मन्त्रीहरू दलीय र ाजनीतिमा सक्रिय भएको भन्दै केही दिनअघि प्रधानमन्त्री सुशीला कार्कीले मन्त्री गुप्तासहित मन्त्रीहरु कुलमान घिसिङ र जगदीश खरेललाई राजीनामा दिन आग्रह गरेकी थिइन्।

घिसिङले बुधबार राति र ाजीनामा दिए पनि गुप्ता र खरेलले भने राजीनामा दिएका छैनन्। यही पृष्ठभूमिमा मन्त्री गुप्ता भने राजीनामा नदिएर अमेरिका जान लागेको भन्दै आलोचनामा तानिए। उनी किन अमेरिका जान खोजेका हुन्, कस्तो कार्यक्रम र कसले अमेरिका लैजान लागेको हो? प्रधानमन्त्रीले राजीनामा मागेको विषयमा उनको प्रतिक्रिया के छ ? ईकान्तिपुरले उनीसँग गरेको संक्षिप्त कुराकानी :

तपाईं अमेरिका जान लाग्नुभएको विषय सार्वजनिक भएको छ, सँगै यो विषय विवादित पनि बन्दै छ । तपाईंको भ्रमण खास केका लागि, किन जान लाग्नुभएको ?

यो अहिलेको कुरा होइन। एक महिना अगाडिको कुरा हो। जेन-जी आन्दोलनमा लागेको र म अहिले युवा तथा खेलकुदमन्त्री भएका कारण डायस्पोरामा रहेका युवाले मलाई बोलाएका थिए। अमेरिकामा एउटा डायस्पोरा प्लाटफर्म रहेछ। गैर आवासीय नेपाली संघ (एनआरएनए) का केही युवाले गने कार्यक्रमका लागि मलाई निम्ता आएको हो। 'हामीले एउटा युथ कन्क्लेभ गर्न लागेका छौं, आउनुहोस्' भनेर निम्ता आएपछि जाने कुरा भएको हो। जानका लागि मन्त्रिपरिषद्को स्वीकृति चाहिने भएकाले प्रक्रिया सुरु गरेको हो। तर यसबारे फरक कुरा आइरहेका छन्।



तपाईंको भ्रमणको खर्च कसले बेहोर्ने हो?

खर्च सबै आयोजकले नै बेहोर्ने हो। तपाईं आइदिनुहोस् भनेपछि समय तोक्ने कुरा भएको हो।

भ्रमण टोलीमा तपाईं एक्लै हुनुहुन्छ अथवा अरूलाई पनि लिएर जान लाग्नुभएको ?

एक्लै जान लागेको हो। तर आज केही सञ्चारमाध्यममा ५-७ जना लैजान लागेको भन्ने कुरा आयो। म जाने कुरा भएपछि मैले भ्रमणको स्वीकृति मन्त्रिपरिषद्बाट लिएको हो। तर यस भ्रमणमा राज्यको एक रुपैयाँ पनि खर्च हुने होइन। फेरि कहिले जाने र कुन दिन कार्यक्रम गर्ने भन्ने पनि फिक्स भइसकेको छैन। फेरि मैले भिसाको लागि आवेदन पनि गरिसकेको छैन।

प्रधानमन्त्रीले मन्त्रिपरिषद् बैठकमा राजीनामा मागेको र तपाईंले अमेरिकाबाट फर्केर आएपछि मात्रै राजीनामा दिन्छु भन्नुभएको हो?




शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!




- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,
- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

बटेश्वर गाउँपालिका, धनुषा
मधेश प्रदेश, नेपाल

शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!



- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,



- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

बालवा नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल



# क्याम्पस प्रमुखद्वारा कारवाहीको चेतावनी



● पवन प्रसाद साह

परीक्षा प्रविधि (अनलाईन फाराम एडमिन) दुरुपयोग गर्नेलाई पहिचान गरी कारवाही गर्ने जनकपुरधामस्थित राराब क्याम्पसका क्याम्पस प्रमुख डा. बसन्त लाल कर्णले चेतावनी दिएका छन्।

क्याम्पस अगाडीकै एक पसलमा कलेजको एडमिन दुरुपयोग भएको भिडियो सार्वजनिक भएपछि क्याम्पस चिफ डा. कर्णले दोषीलाई पहिचान गरी कारवाही गर्ने बताएका छन्। प्रमुख डा. कर्णले राराब क्याम्पसको परीक्षासम्बन्धी भ्रामक सूचना फैलिएको भन्दै प्रशासनको ध्यानाकर्षण भएको भनी एक सूचना जारी गरी जनाएको छ।

क्याम्पस प्रशासनले यसप्रति एक्सन लिएको क्याम्पस चिफ कर्णद्वारा जारी गरिएको सूचनामा उल्लेख छ। त्रिभुवन विश्वविद्यालय अन्तर्गत रहेको रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, जनकपुरधामको नाम जोडेर विभिन्न सामाजिक सञ्जालमार्फत भ्रामक सूचना प्रवाह गरिएको भन्दै क्याम्पस प्रशासनले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

क्याम्पसद्वारा जारी सूचनाअनुसार २०८२ पुस २२ गतेदेखि सामाजिक सञ्जालमा क्याम्पसका कर्मचारीमाथि दुर्व्यवहार तथा अपमानजनक शब्द प्रयोग गरिएको र यसले क्याम्पसको शान्तिपूर्ण परीक्षा सञ्चालन प्रक्रियालाई प्रभावित पार्ने प्रयास गरिएको छ। यस विषयलाई क्याम्पस प्रशासनले गम्भीर रूपमा लिँदै सम्बन्धित सबै पक्षसँग सत्य तथ्यको आधारमा अध्ययन गरिने जनाएको छ।

हाल सूचना प्रविधि शाखा अन्तर्गतका एक कर्मचारीमाथि आधारहीन आरोप लगाइएको भन्दै प्रशासनले त्यसप्रति आपत्ति जनाएको छ। सूचनामा उल्लेख भएअनुसार उक्त कर्मचारीको जिम्मामा रहेको युपिएस प्रणालीमा समस्या देखिएपछि सो प्रणाली तत्काल मर्मतका लागि अर्को प्राविधिक कर्मचारीलाई जिम्मा दिइएको थियो।

क्याम्पस प्रशासनले त्रिभुवन विश्वविद्यालयको केन्द्रीय कार्यालयसँग समन्वय गरी आवश्यक सुधार प्रक्रिया अघि बढाइने स्पष्ट पारेको छ। साथै, सूचना प्रविधि क्षेत्रमा बेला-बेला देखिने प्राविधिक समस्याका कारण परीक्षा सञ्चालनका क्रममा उत्पन्न शंकाहरूको सत्यतथ्य पत्ता लगाउन त्रिवि परीक्षा नियन्त्रण कार्यालय, सूचना तथा प्रविधि शाखा र सम्बन्धित निकायसँग समन्वय गरी अनुसन्धान गरिने सूचनामा भनिएको छ।

प्रमुख कर्णद्वारा हस्ताक्षरित सो सूचनामा दोषी जो कोही ठहर भएमा प्रचलित नियमअनुसार कारबाही गरिने चेतावनी समेत दिइएको छ। प्रशासनले भ्रामक र अपुष्ट सूचना नफैलाउन तथा आधिकारिक सूचनामात्र विश्वास गर्न सबै सरोकारवालालाई आग्रह पनि गरेको छ।

# बारामा एमालेबाट प्रतिनिधिसभा चुनावका लागि २८ जनाको नाम सिफारिस

● टक नेपाल

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि नेकपा एमाले बाराले प्रत्यक्षतर्फ २८ जनाको नाम सिफारिस गरेको छ। सिफारिसमा परेकामध्ये केही ११औँ महाधिवेशनबाट निर्वाचित तथा पराजित नेताहरू छन् भने केही प्रदेशसभा सदस्यसमेत रहेका छन्। चारवटा संघीय निर्वाचन क्षेत्र रहेको बारामा निर्वाचन क्षेत्र नम्बर १ का लागि ७ जना, क्षेत्र नम्बर २ का लागि ८ जना, क्षेत्र नम्बर ३ का लागि ३ जना र क्षेत्र नम्बर ४ का लागि ३ जना गरी २१ जना तथा निर्वाचन क्षेत्र नतोकी थप ७ जनासहित कुल २८ जनाको नाम सिफारिस गरिएको जिल्ला अध्यक्ष अद्यानन्द पाण्डेले जानकारी दिए। निर्वाचन क्षेत्र नम्बर १ बाट अच्युत मैनाली, पुरुषोत्तम पौडेल, धनमाया चौधरी, थानेश्वर सापकोटा, पुरन चौधरी, सुदामादेवी राम र त्रिलोकी चौधरी सिफारिसमा परेका छन्।




निर्वाचन क्षेत्र नम्बर २ का लागि बलवीर चौधरी, अमरदेवप्रसाद यादव, मखन पासवान, सत्यपाल यादव, राजेशप्रसाद साह, कौशलकिशोर सिंह, गौरीशंकरप्रसाद यादव र महपतिया देवी दुसादिनको नाम सिफारिस गरिएको छ। निर्वाचन क्षेत्र नम्बर ३ बाट अद्यानन्द पाण्डे, एम. समिउल्लाह र सीमा ठकुरी सिफारिसमा परेका छन्।

निर्वाचन क्षेत्र नम्बर ४ का लागि अमरदेव यादव, कृष्णकुमार श्रेष्ठ र सीता गुरुङको नाम सिफारिस गरिएको छ। यसैगरी निर्वाचन क्षेत्र नतोकी जिल्ला सचिवालयको सुझावमा ज्वालाकुमारी साह, गायत्री देवी, सीता सुवेदी, टिना सुवेदी, प्रतिमा यादव, रविन्द्र दास बनियाँ र फुलेना राउत अहिरको नाम सिफारिस गरिएको छ। पटक-पटक मन्त्री बनेकी र निर्वाचन क्षेत्र नम्बर ३ बाट यसअघि पनि निर्वाचित ज्वालाकुमारी साहको नाम क्षेत्रबाट सिफारिसमा नआएपछि सचिवालयको सुझावमा क्षेत्र नतोकी सिफारिस गरिएको छ। अध्यक्ष केपी शर्मा ओलीनिकट मानिने उनी ११औँ महाधिवेशनबाट केन्द्रीय सदस्य निर्वाचित भएकी थिइन्।


## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,





- बालबालिका, वृद्ध–वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

लोहरपट्टी नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल



## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,
- बालबालिका, वृद्ध–वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।








जलेश्वर नगरपालिक, धनुषा
मधेश प्रदेश, नेपाल



# सर्लाहीमा तस्करद्वारा वन चौकीदारको हत्या : आरोपी गाउँकै महतो पक्राउ



● टक नेपाल

सर्लाहीमा काठ तस्करहरूले वन चौकीदारको हत्या गरेको तथ्य खुलेको छ। गत पुस १९ गते सर्लाहीको ईश्वरपुर नगर पालिका-२ राईटरखोट टोलका ५२ वर्षीय सगरनाथ वन विकास परियोजनाका चौकीदार रामेश्वर महतोको घाँटी छिनाएर हत्या भएको थियो।

घटना अभियोगमा गाउँकै रुपनारायण महतोका छोरा र ामवली महतो संलग्न रहेको पुष्टि भएको सर्लाही प्रहरीका प्रवक्ता डीएसपी सरोज राईले बताएका छन्। रामवलीलाई हत्या भएको दिनकै साँझ शंकाको आधारमा घरबाटै पक्राउ गरिएको थियो।

रामेश्वरको टाउकोविनाको शव भक्तिपुरस्थित प्लट नम्बर-१० को जङ्गलमा वनमाराको झाडीभित्र फेला परेको प्रहर ीले जनाएको छ घटनास्थलबाट "लम्प्क्सइ" लेखिएको कालो चप्पल र रगत लागेको बन्चरो बरामद गरिएको थियो। यही वस्तुहरूको आधारमा रामवलीमाथि प्रारम्भिक शंका पुगेको प्रहरीले बताएको छ।

अनुसन्धानका क्रममा रामवली नियमित रूपमा जंगलमा टिक र मसला जातका रुख काट्ने कार्यमा संलग्न रहेको खुलेको छ यस क्रममा चौकीदार रामेश्वरले बारम्बार रोक्न चेतावनी दिने गरेको र एक पटक त पक्राउ गर्ने प्रयासमै दुबै बीच जंगलमै लछारपछारसमेत भएको स्थानीयले बताएका छन्।

घटना हुनु पूर्व ४-५ दिन अघि रामेश्वरले रामवलीले चोरी गरी राखेको दाउरा उठाएर लगेपछि रामवलीले 'काट्छु' भन्ने धम्की दिएको पनि अनुसन्धानबाट खुलेको डीएसपी राईले बताए। रामवलीलाई पक्राउ गरी ज्यान मार्ने कसूर मा मुद्दा दर्ता भएको र ६ दिनको म्याद थपेर इलाका प्रहरी कार्यालय केशरगंजमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

vianet
अब सबै connected

# मधेशमा भूमिगत जल खस्कँदै: चुरे र पोखरीमार्फत पुनर्भरण सम्भव हुने अध्ययनको निष्कर्ष

● टक नेपाल

मधेशमा सामुदायिक तथा निजी इनार, चापाकल र डिप बोरिङमार्फत भूमिगत जल दोहन हुने गरिएको छ। हरेक मनसुनमा भूमिगत जलमार्फत माटोको सतह र पोखरीहरूमा भुइँमुनि वर्षातको पानी पस्दा प्राकृतिक रूपमा जल पुनर्भरण हुने गरेको एक अध्ययनले देखाएको छ।

मधेश सरकार ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालयद्वारा आयोजित 'आकाशे पानी संकलन तथा भूमिगत जल पुनर्भरण' परियोजनाका तथ्य प्रस्तुत गर्दै अनुसन्धानकर्ता प्रतापसिंह दादरले चुरे क्षेत्र, पोखरी तथा नहरहरूबाट संकलित पानीले भूमिगत जलको स्तर कायम राख्न महत्वपूर्ण योगदान गर्ने तथ्य उजागर गरेका छन्।

भूमिगत जल खस्कँदै, दुई प्रमुख कारण दादरका अनुसार भूमिगत जल खस्कनाको दुई



**प्रमुख कारण छन् :**

प्राकृतिक पुनर्भरण क्षेत्रहरू बन्द हुँदै जानु

भूमिगत जलको अनियन्त्रित दोहन

यस्तो प्रवृत्तिले दीर्घकालमा पानी अभावको संकट निम्त्याउन सक्ने अध्ययनले चेतावनी दिएको छ। सिरहाको कर्जन्हा र गोलबजारमा गरिएको अध्ययनले घरधुरी स्तरमै न्यून लागतमा 'पुनर्भरण इनार' निर्माण गरेर कृत्रिम पुनर्भरण मार्फत भूमिगत जल कायम राख्न सकिने सुझाव दिएको छ।

दादरले भने, 'पुराना अनि पुरिएका पोखरीहरूलाई पुनर्जीवन दिएर पनि पुनर्भरण सम्भव छ। भूमिगत जल पुनर्भरणले वर्षातको पानी व्यवस्थापन मात्रै होइन, बाढी न्यूनीकरण र दीर्घकालीन जलस्रोत संरक्षणमा मद्दत पुऱ्याउँछ।'

# आचारसंहितामा नयाँ बुँदा थपियो

● टक नेपाल

निर्वाचन आयोगले चुनावी आचारसंहितामा सञ्चारसम्बन्धी नयाँ बुँदा थप गरेको छ।

आयोगले चुनाव प्रचारप्रसार निषेध अवधीमा कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभासम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न नपाइने, कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नहुने व्यवस्था थप गरेको जानकारी गराएको छ।

नयाँ प्रावधानअनुसार अनलाइनमाध्यमको चुनावी प्रचारप्रसार खर्चको विवरण समेत निर्वाचन खर्चमा समावेश गर्नुपर्ने, राजनीतिक दल, उम्मेदवार तथा दलका भ्रातृ सङ्गठनले अनलाइन सञ्चारमाध्यमबाट गर्ने प्रचारप्रसारलाई व्यवस्थित गरी त्यस्तो खर्चलाई निर्वाचन खर्च विवरणमा समावेश गर्नुपर्ने व्यवस्था राखिएको छ।


त्यस्तै, थपिएको नयाँ बुँदामा संविधानद्वारा प्रत्याभूत पूर्ण प्रेस स्वतन्त्रता र यसको स्वनियमनलाई आन्तरिकीकरण गरिएको उल्लेख छ। सामाजिक सञ्जालको परिभाषालाई विस्तृत सामाजिक सञ्जाल प्लेटफर्मको परिभाषामा गरिएको छ भने बदलिँदो समयमा कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोग गरी हुने आचारसंहिताको उल्लङ्घनका विषयलाई समेटिएको छ।

पत्रपत्रिकाका माध्यमबाट प्रचारप्रसार गर्दासम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सक्ने व्यवस्था गरिएको र अनलाइन सञ्चार माध्यमबाट रोड ब्लक, कन्टेन्ट ब्लक, होमपेज, व्यानर, डिटेल पेज व्यानर, बक्स विज्ञापन (समाचारको बीचमा) का माध्यमबाट चुनावको प्रचारप्रसार गराउनसक्ने व्यवस्था मिलाइएको छ।

शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जो हो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खाने कुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खाने कुराहरु खाने,





- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेर चाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पर ाल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुर क्षित गर्ने।

एकडारा गाउँपालिक, महोत्तरी
मधेश प्रदेश, नेपाल

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न ेिगहरुको विशेषज्ञ डाक्टहरुद्वाा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014